गण्डकी प्रदेश सरकार

**स्वास्थ्य मन्त्रालय**

# प्रदेश अस्पताल

## कुश्मा, पर्वत, नेपाल

सूचनाको हक सम्बन्धि ऐन २०६४ दफा ५(३) र सूचनाको हक सम्बन्धि नियमावली २०६५ को

नियम ३ बमोजिम सार्वजनिक गरिएको

तेश्रो त्रैमासिक प्रतिवदेन (आ.ब. २०८२/८३)

यस अस्पतालको २०८२ माघ देखी चैत्र मसान्तसम्म सम्पादन गराइएको विवरण प्रकाशन गरिएको छ ।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश अस्पताल
कुश्मा, पर्वत

## १. निकायको स्वरुप र प्रकृतिः

प्रदेश अस्पताल कुश्मा पर्वत जिल्लाको सदरमुकाम कुश्मा बजारको सवैभन्दा तल्लो भाग बडागाउँमा अवस्थित छ । अस्पताल रहेको भाग पवित्र कालीगण्डकी नदि र उर्जा नदिको रुपमा प्रख्यात मोदी खोलाको विच भागमा अवस्थित छ । यो क्षेत्र जिल्लाको मुख्य प्रशासनिक कार्यालयहरु भएको क्षेत्र हो । मध्य पहाडी लोकमार्गको पोखरा बाग्लुङ खण्डको शिवालय चोकबाट लगभग ७०० मिटर दुरीमा अस्पताल अवस्थित छ। पर्वत अस्पतालले अस्पतालको मान्यता पाउनु अगाडी कुश्मा हेल्थ पोष्टको रुपमा वि.सं.२०१६ सालबाट सेवा प्रारम्भ गरेको थियो । पूराना कर्मचारीका अनुसार वि. सं. २०२४ सालबाट कुश्मा पब्लिक हेल्थ पोष्ट नामाकरण भयो । वि.सं. २०४६ सालमा पर्वत अस्पताल गठन भएपनि हेल्थ सेण्टर जनस्वास्थ्य कार्यालय मातहत थियो। वि.सं. २०५० मा मात्र कुश्मा पब्लिक हेल्थ सेण्टरलाई अस्पतालमा नै गाभिएको थियो। त्यसपछि वि.सं. २०७४ सम्म निरन्तर जिल्ला अस्पताल जिल्ला स्वास्थ्य कार्यालय मातहत रह्यो। वि.स. २०७४ को संघिय तथा प्रदेश सभा निर्वाचन पछि जिल्ला अस्पतालहरुलाई प्रदेश मातहत राखियो । त्यसपछि प्रदेश मातहतका अस्पतालहरुलाई स्वायत्त अस्पतालको रुपमा मान्यता प्राप्त भएको हो । वि.सं. २०४६ माघ १६ गते १५ वेडको मान्यता पाएको अस्पताल हो । तर व्यवस्थापनको पहलकदमीमा हाल ६५ वेड सञ्चालन गरिएको छ । केवल २२ जनाको मात्र दरवन्दी रहेको यस अस्पतालमा मात्र २ जना डाक्टरको दरवन्दी स्विकृत छ। हाल गण्डकी प्रदेश सरकारको निर्णयअनुसार यस अस्पताल ५० शैयामा स्तरोन्नती भएको छ।

| Hospital Bed Number | | Bed Number |
|---|---|---|
| Government Approved | | 50 |
| Current Running | | |
| Ward | Male | 8 |
| | Female | 8 |
| Maternity | Prelabour | 4 |
| | Labour | 1 |
| | Postlabour | 4 |
| Postoperative | Postop | 4 |
| Pediatrics | | 4 |
| Emergency | | 8 |
| Dialysis | | 9 |
| Nutrition | | 10 |
| Physiotherapy | | 5 |
| | Total | 65 |

## २.उद्देश्यहरु

- नागरिकको मौलिक अधिकारको रुपमा रहेको आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने,
- प्रत्येक नागरिकले सहज रुपले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरु सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्राणालीको स्थापना गर्ने,
- स्वास्थ्य बीमा गरेका नागरिकहरुलाई सहज रुपमा उपचार सेवा उपलब्ध गराउने
- स्वास्थ्य सेवा प्रवाहमा जनसहभागिता सुनिश्चित गरि अस्पतालको सुदृढिकरणमा समुदाय तथा नीजि क्षेत्रको संलग्नता वृद्धि गर्दै अपनत्व प्रवद्र्धन गर्ने
- विभिन्न संघ संस्थाहरुसंग सहकार्य गरि सेवा तथा उपकरणहरु व्यवस्थापन र परिचालन गर्ने

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश अस्पताल
कुश्मा, पर्वत

**३. भावी सोच**

**स्वास्थ्य, उत्पादनशिल र गुणस्तरिय नागरिक निर्माण**

**ध्येय**

**उपलब्ध साधनस्रोतको अधिकतम प्रयोग मार्फत सेवाग्राही र सरोकारवालाहरु बीच रणनीतिक सहकार्य गरी नागरिकहरुको सहज उपचार पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने।**

**लक्ष्य**

**आधुनिक सेवाहरु थप गरि आधारभूत स्वास्थ्य समस्याहरुको उपचारका लागि ठुला शहरमा जानुपर्ने बाध्यताको अन्त्य गरि उपचार सेवाको पहुँत वृद्धि गर्ने र न्यायसंगत एवम जवाफदेहि प्रणालीको माध्यमबाट उपचार सेवा उपलब्ध गराउने**

सोचहरू

अल्पकालीन सोचहरू

१ यस प्रदेश अस्पतालमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि विशेषज्ञ सेवा विस्तार गरिनेछ।

२ यस प्रदेश अस्पतालमा जेष्ठ नागरिक तथा अपाङ्ग लागि जेष्ठ नागरिक ओपिडी सञ्चालन गरिनेछ।

३ मुस्कान सहितको गुणस्तरीय सर्वसुलभ सेवा प्रदानको सुनिश्चितता गरिनेछ।

४ अस्पतालबाट प्रदान गरिने सेवाको सम्पूर्ण विवरण गराउनका लागि इलेक्ट्रोनिक मेडिकल रेकर्ड सिस्टम पुर्ण रुपमा लागू गरिनेछ।

५ अस्पतालमा गरिने प्रिस्क्रिप्सनहरूमा जेनेरिक प्रिस्क्रिप्सन सुरु गरिनेछ।

६ अस्पतालको आन्तरिक तथा बाह्य सुन्दरता बनाउन लागि सुन्दर पर्यावरण विकास गर्न गार्डेन तथा अस्पताल परिसरको सजावटलाई विशेष ध्यान दिनेछ।

७ विभिन्न स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूसँग समन्वय गरी शिक्षाशास्त्र अन्तर्गत स्नाकोत्तर गरिरहेका विद्यार्थीद्वारा MD Resident Doctor द्वारा सेवा विस्तार गरिनेछ।

८ फोहरमैला व्यवस्थापन थप व्यवस्थित वनाइनेछ।

९ जिल्ला स्थित सम्पूर्ण पालिकाहरू स्थानीय प्रशासन अन्य कार्यालय तथा स्वास्थ्य कार्यालय सँग समन्वय गरी आवश्यक पूर्वाधार स्रोत व्यवस्थापन तथा सहजीकरणको लागि व्यवस्था मिलाइनेछ।

दीर्घकालीन सोचहरू

1. जिल्ला स्थित पालिकाहरूको समन्वय तथा सम्बन्धलाई सुधार गरी हाम्रो अस्पताल, राम्रो अस्पताल रुपमा विकास गरी सम्पूर्ण बिरामीको विश्वास बढाई सेवाको गुणस्तर उच्चतम राख्दै बिरामीहरू उपचारका लागि अस्पतालमा आउने वातावरण उपचारका लागि बाहिर जानुपर्ने अवस्था अन्त्य गराइनेछ।

2. विशेषज्ञ चिकित्सक सहित गुणस्तरीय सेवा प्रदानका लागि यस अस्पताललाई सक्षम बनाइनेछ।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश अस्पताल
कुश्मा, पर्वत

3. आईसीयु सेवा विस्तार गरि अस्पतालबाट रिफर हुने बिरामीको संख्या न्यून बनाइनेछ।

4. सिटी स्क्यान लगायत जाँचहरू गराउनको लागि जिल्ला बाहिर जानुपर्ने अवस्था अन्त्य गर्नका लागि व्यवस्था मिलाइनेछ।

5. अस्पताललाई स्वास्थ्य सम्बन्धी तालिमका लागि स्वास्थ्य तालिम केन्द्रको रुपमा स्थापित गरिनेछ।

6. अस्पताललाई गण्डकी प्रदेशकै साथै मध्यपाडी लोकमार्ग, कालीगण्डकी कोरिडोर अन्तर्गत रहनेगरी विशिष्टकृत ट्रमा सेन्टर (Trauma Center) को रूपमा विस्तार गरिनेछ।

7. अस्पताललाई नर्सिङ तथा प्यारामेडिक्स अध्ययन अध्यापन गराउनका लागि स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा स्तर उन्नति गरिनेछ।

## प्रदेश अस्पताल पर्वतको ५० शैयाको नयाँ संगठन संरचना



## ४. पर्वत अस्पतालमा विभिन्न शाखा तथा शाखामा कार्यरत कर्मचारीको विवरण

| | | Permanent | Darbandi Karar | Pradesh Karar | CEONC SNCU ART Program | Samiti | Scholorship | Nutrition | NSI | MSS | OCMC | Social Service | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Consultant | 1 | | | | | 3 | 1 | | | | | |
| 2 | Medical Officer | 1 | | 1 | 1 | | 5 | | 1 | | | | |
| 3 | Dental officer | | | | | | 3 | | | | | | |
| 4 | Administration | 1 | | | | | | | | | | | |
| 5 | Medical Lab Technologist | | | | | | | | 1 | | | | |
| 6 | Medical Recorder | 1 | | | | | | | | | | | |
| 7 | Nurse | 3 | | 9 | 2 | 1 | 5 | 1 | 0 | | 1 | | |
| 8 | ANM | 2 | | | | 0 | | | | | | 1 | |
| 9 | HA | 0 | | 2 | 1 | 6 | | | | | | | |
| 10 | AHW | 2 | | | | 2 | | 1 | | | | | |
| 11 | Pharmacy | 0 | | 2 | | 3 | 2 | | | | | | |
| 12 | X ray | 1 | | 1 | | | | | 1 | | | | |
| 13 | Lab Technician | 0 | | 1 | 1 | 1 | 2 | | 0 | | | | |
| 14 | BMET | | | | | | | | 1 | | | | |
| 15 | Computer Operator/ Assistant | | | | | 2 | | | | | | | |
| 16 | Registration | | | | | 3 | | | | | | 2 | |
| 17 | Helper | 1 | 9 | | 1 | 10 | | 2 | | 1 | | | |
| 18 | Guard | | | | | 2 | | | | | | | |
| 19 | Driver | | 1 | | | 1 | | | | | | | |
| 20 | Ophthalmic Assistant | | | 1 | | | | | | | | | |
| 21 | Dental Assistant | | | 1 | | | | | | | | | |
| 22 | Anesthesia Assistant | | | 0 | | | | | 1 | | | | |
| 23 | IT Assistant | | | 0 | | 1 | | | | | | | |
| 24 | Physiotherapy Assistant | | | 1 | | | | | | | | | |
| 25 | Lab Assistant | 1 | | 1 | | 1 | | | | | | | |
| Total | | 14 | 10 | 21 | 6 | 33 | 20 | 5 | 5 | 1 | 1 | 3 | 119 |

# ५. नागरिक बडापत्र, सेवा प्राप्त गन प्रकृया र दस्तुर

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
**प्रदेश अस्पताल**
कुश्मा, पर्वत

## नागरिक बडा पत्र

| क्र.सं. | सेवाको किसिम | उपलब्ध सेवाहरु | कोठा नं | समय | लाग्ने शुल्क | जिम्मेवार व्यक्ति | सहयोगि कर्मचारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | बहिरंग सेवा (OPD) | नाम दर्ता | १०१ | बिहान ७ बजे देखि ५ बजे सम्म (कार्तिक १६ देखि माघ १५ सम्म ७ बजे देखि ६ बजे सम्म) | ओ.पि.डि. -५० इमरजेन्सी -५० विभागी नियमानुसार | दर्ता सहायक | | ब्लक -A पहिलो तल्ला |
| | | फिजियो (शुल्क भुक्तानी) | १०१ | २४ सै घण्टा | - | दर्ता सहायक | | |
| | | विरामी परिक्षण तथा उपचार | १०४ | बिहान ७ बजे देखि ५ बजे सम्म | - | विशेषज्ञ चिकित्सक | मे.अ., नर्सिङ तथा पारामेडिक्स र का.स. | |
| | | Gynecology and Obstetric OPD | २१४ | बिहान ७ बजे देखि ५ बजे सम्म | - | विशेषज्ञ चिकित्सक | मे.अ., नर्सिङ तथा पारामेडिक्स र का.स. | ब्लक -B पहिलो तल्ला |
| | | Medicine OPD | २०४ | बिहान ७ बजे देखि ५ बजे सम्म | - | विशेषज्ञ चिकित्सक | मेडिकल अधिकृत, का.स. | |
| | | Surgical OPD | २०८ | बिहान ७ बजे देखि ५ बजे सम्म | - | विशेषज्ञ चिकित्सक | मेडिकल अधिकृत, का.स. | |
| | | Pediatric OPD | | बिहान ७ बजे देखि ५ बजे सम्म | - | विशेषज्ञ चिकित्सक | मेडिकल अधिकृत, का.स. | ब्लक -A पहिलो तल्ला |
| | | Eye OPD | २०४ | बिहान १० बजे देखि ५ बजे सम्म | - | अप्थाल्मिक टेक्निसियन | अप्थाल्मिक सहायक | |
| | | Dental OPD | १०२ | बिहान १० बजे देखि ५ बजे सम्म | समितिको निर्णय अनुसार | विशेषज्ञ चिकित्सक | डेन्टल हाईजेनिस्ट, का.स. | |
| | | इ.सि.जि. ड्रेसिङ तथा ईन्जेक्सन | २०६ | बिहान ७ बजे देखि ५ बजे सम्म | समितिको निर्णय अनुसार | मेडिकल अधिकृत, पारामेडिक्स | नर्सिङ तथा पारामेडिक्स र का.स. | |
| २ | इमरजेन्सी | इमरजेन्सी कक्ष (मेजर र माईनर ओ.टी.) | | २४ सै घण्टा आकस्मिक अवस्थामा | बिमा कार्यक्रम र समितिको निर्णय अनुसार | विशेषज्ञ चिकित्सक, एनेस्थेसिया असिस्टेन्ट, ओ.टि नर्स | नर्सिङ तथा पारामेडिक्स र का.स. | |
| ३ | अन्तरङ्ग सेवा (Indoor) | क) विरामी भर्ना | ३०१ | २४ सै घण्टा | बिमा कार्यक्रम र समितिको निर्णय अनुसार | विशेषज्ञ चिकित्सक, मेडिकल अधिकृत र स्टाफ नर्स | नर्स, का.स. | दोस्रो तल्ला |
| | | नर्सिङ स्टेशन | ३०१ | | | | | |
| | | मेडिकल वार्ड पुरुष | ३०२ | | | | | |
| | | मेडिकल वार्ड महिला | ३०२ | | | | | |
| | | Pediatric ward /SNCU | | | | | | |
| | | पेडियाट्रिक वार्ड | | | | | | |
| | | स्त्री तथा प्रसूति वार्ड | | | | | | |
| | | प्रसूति कक्ष | ३०६ | | | | | |
| | | पोष्ट न्याटल वार्ड | | | | | | |
| | | पोष्ट अपरेटिभ वार्ड | | | | | | |
| | | HDU Ward | | | | | | |
| | | राउण्ड लिने समय | सबै वार्ड | बिहान ६.३० देखि १०.३० बजे सम्म र बेलुकी ६.३० बजे देखि ७.३० बजे सम्म | नि:शुल्क | विशेषज्ञ चिकित्सक, मेडिकल अधिकृत | मे.अ., नर्सिङ तथा पारामेडिक्स र का.स. | |
| ४ | ईमी डायलासिस | डायलासिस वार्ड | | बिहान ७ बजे देखि ५ बजे सम्म (इमरजेन्सी आकस्मिक २४ सै घण्टा) | नि:शुल्क | विशेषज्ञ चिकित्सक, मेडिकल अधिकृत | मे.अ., नर्सिङ तथा पारामेडिक्स र का.स. | |
| | | | | | | विशेषज्ञ चिकित्सक, मेडिकल अधिकृत | मे.अ., नर्सिङ तथा पारामेडिक्स र का.स. | |
| ५ | सोधपुछ | सोधपुछ प्रशासन कक्ष | | २४ सै घण्टा | नि:शुल्क | फार्मेसी सहायक | मे.अ., नर्सिङ तथा पारामेडिक्स र सुरक्षाकर्मी | प्रदेश सरकारबाट प्राप्त औषधि |
| ६ | औषधी वितरण | नि:शुल्क औषधी वितरण | १०५ | कार्यालय समय | नि:शुल्क | फार्मेसी सहायक | मे.अ., नर्सिङ तथा पारामेडिक्स र का.स. | पहिलो तल्ला |
| | | स:शुल्क औषधी (अस्पताल फार्मेसी) | १०२ | २४ सै घण्टा | सुपथ मूल्यमा र स्वास्थ्य बीमाको भुक्तानी | फार्मेसी सहायक | मे.अ., नर्सिङ तथा पारामेडिक्स र का.स. | भुई तल्ला |
| ७ | आकस्मिक सेवा | नाम दर्ता र फिजियो | १०१ | २४ सै घण्टा | समितिको निर्णय अनुसार | चिकित्सक, पारामेडिक्स | | |
| | | विरामी परिक्षण तथा उपचार | १०६ | २४ सै घण्टा | | | | |
| ८ | प्रयोगशाला सेवा | रगत, पिसाब, दिसा, खकार, Biochemistry तथा Culture र अन्य परिक्षण | १०४ | २४ सै घण्टा | खकार, मलेरिया,कालाजार एच.आई.भी. नि:शुल्क र अन्य स:शुल्क | मे.ल्या. टेक्नोलोजिष्ट, ल्याब टेक्निसियन तथा ल्या.अ. | ल्याब असिस्टेन्ट तथा का.स. | भुई तल्ला |
| ९ | सुरक्षित मातृत्व सेवा (MCH) | क) गर्भवति जाँच : शारीरिक जाँच,स्वास्थ्य शिक्षा,टि.डि.खोप, आईरन चक्की र Albendazole वितरण | २१२ | कार्यालय समय | नि:शुल्क | नर्सिङ कर्मचारी | नर्सिङ कर्मचारी तथा का.स. | पहिलो तल्ला |
| | | ख) अस्पताल प्रसूति सेवा | | २४ सै घण्टा | नि:शुल्क | विशेषज्ञ चिकित्सक, नर्सिङ कर्मचारी | नर्सिङ कर्मचारी तथा का.स. | प्रसूता बच्चा रु.१००० , ४ पटक र ८०० भत्ता |
| | | ग) सुत्केरी सेवा: आमा र शिशुको जाँच,परिवार नियोजन,पोषण सम्बन्धी परामर्श , आईरन चक्की ,भिटामिन ए वितरण, स्वास्थ्य शिक्षा | २१२ | | नि:शुल्क | स्टाफ नर्स, सि.अ.न.मी | अ.न.मी तथा का.स. | |
| | | घ) पाठेघरको मुखको क्यान्सर परिक्षण (VIA) | २१२ | | नि:शुल्क | स्टाफ नर्स, सि.अ.न.मी | अ.न.मी तथा का.स. | |
| १० | सुरक्षित गर्भपतन सेवा | Medical/Surgical Abortion, Safe Abortion Service & Post Abortion Care सेवा | २०४ | कार्यालय समय | नि:शुल्क | तालिम प्राप्त चिकित्सक, नर्सिङ कर्मचारी | नर्सिङ कर्मचारी तथा का.स. | पहिलो तल्ला |
| ११ | रेडियोलोजी सेवा | क) एक्सरे | ११२ | २४ सै घण्टा | समितिको निर्णय अनुसार | रेडियोग्राफर | डार्क रुम असिस्टेन्ट र का.स. | भुई तल्ला |
| | | ख) भिडियो एक्सरे | २०५ | २४ सै घण्टा | समितिको निर्णय अनुसार | तालिम प्राप्त चिकित्सक | नर्सिङ, पारामेडिक्स, कर्मचारी तथा का.स. | पहिलो तल्ला |
| १२ | ARV सेवा | इन्जेक्सन रुम | १०१ | कार्यालय समय | समितिको निर्णय अनुसार | चिकित्सक, नर्स तथा पारामेडिक्स | नर्सिङ, पारामेडिक्स, कर्मचारी तथा का.स. | भुई तल्ला |
| १३ | पोस्टमार्टम सेवा र अन्य मेडिकोलिगल केस | शव परिक्षण, उमेर जाँच, मा.प.ई. OCMC | १०६ | कार्यालय समय | नि:शुल्क | तालिम प्राप्त चिकित्सक | पारामेडिक्स तथा का.स. | |
| १४ | FBIMNCI सेवा | नवजात शिशु तथा ५ वर्ष मुनिका बालबालिकाको एकिकृत व्यवस्थापन | | कार्यालय समय | नि:शुल्क | चिकित्सक, नर्स तथा पारामेडिक्स | नर्सिङ, पारामेडिक्स, कर्मचारी तथा का.स. | |
| | | | | | | चिकित्सक, नर्स तथा पारामेडिक्स | नर्सिङ, पारामेडिक्स, कर्मचारी तथा का.स. | |
| १५ | परिवार नियोजन सेवा | क) परामर्श | | कार्यालय समय | नि:शुल्क | | | |
| | | ख) अस्थायी साधन वितरण: पिल्स, कण्डम, डिपो, इम्प्लान्ट र IUCD | २१२ | कार्यालय समय | नि:शुल्क | नर्सिङ तथा पारामेडिक्स | नर्सिङ कर्मचारी तथा का.स. | पहिलो तल्ला |
| | | ग) स्थायी बन्ध्याकरण सेवा: भ्यासेक्टोमी, मिनिल्याप | २१२ | आवश्यकता अनुसार, घुम्ती शिविर मार्फत | नि:शुल्क | विशेषज्ञ चिकित्सक तथा तालिम प्राप्त चिकित्सक | नर्सिङ तथा पारामेडिक्स कर्मचारी | कार्यालय संचालनको दिन |
| १६ | रोग नियन्त्रण सम्बन्धी सेवा | क) औलो: रगतको नमुना संकलन,उपचार ,स्वास्थ्य शिक्षा | १०४ | कार्यालय समय | नि:शुल्क | चिकित्सक, नर्स, पारामेडिक्स ल्याब प्राविधिक | ल्याब असिस्टेन्ट तथा का.स. | भुई तल्ला |
| | | ख) क्षयरोग: खकार परिक्षण माईक्रोस्कोपिक जाँच उपचार र स्वास्थ्य शिक्षा | १०४ | कार्यालय समय | नि:शुल्क | चिकित्सक, नर्स, पारामेडिक्स ल्याब प्राविधिक | ल्याब असिस्टेन्ट तथा का.स. | भुई तल्ला |
| | | | | | | चिकित्सक, नर्स, पारामेडिक्स ल्याब प्राविधिक | ल्याब असिस्टेन्ट तथा का.स. | पहिलो तल्ला |
| | | ग) कुष्ठ रोग: उपचार र स्वास्थ्य शिक्षा | २१० | कार्यालय समय | नि:शुल्क | चिकित्सक, नर्स, पारामेडिक्स | नर्स र पारामेडिक्स, ल्याब | पहिलो तल्ला |
| | | घ) एड्स र यौन रोग: उपचार र स्वास्थ्य शिक्षा | २१० | कार्यालय समय | नि:शुल्क /स:शुल्क | नर्स, पारामेडिक्स | का.स. | पहिलो तल्ला |
| १७ | समुदाय स्तरमा प्रदान गरिने सेवा | क) खोप कार्यक्रम | २१२ | प्रत्येक महिनाको ३ र ४ गते | नि:शुल्क | RRT Team | चिकित्सक, नर्स र पारामेडिक्स, ल्याब, का.स. | |
| | | ख) महामारी नियन्त्रण र स्वास्थ्य शिक्षा | | आकस्मिक अवस्थामा | नि:शुल्क | | | |
| १८ | प्रशासन, लेखा र प्राविधिक, जनसंख्या, स्टोर | सिफारिसको प्रमाण पत्र अपांगताको सिफारिस, सम्पूर्ण प्रशासनिक कार्य, लगायत र जिन्सी व्यवस्थापन | कार्यालय प्रमुख कक्ष ३<br>प्रशासनिक कक्ष ६<br>मेडिकल रेकर्ड कक्ष १<br>स्टोर कक्ष ८.५ | कार्यालय समय | सिफारिसको प्रमाण पत्रको लागि रु. १००। र अपांगताको सिफारिस नि:शुल्क | मे.सु., लेखापाल, अस्पताल व्यवस्थापन अधिकृत, मेडिकल रेकर्डर, कार्यालय सहायक | सह लेखापाल, कार्यालय सहायक, का.स. | ब्लक C |
| १९ | अन्य सेवाहरु | क) एम्बुलेन्स सेवा | | २४ सै घण्टा | समितिको निर्णय अनुसार | एम्बुलेन्स संचालन समिति | एम्बुलेन्स चालक | |
| | | ख) स्वास्थ्य शिविर सेवा : विभिन्न सेवा प्रदायको लागि मात्र | | कार्यालय समय र आकस्मिक समयमा समेत | शिविरको निर्णय अनुसार | चिकित्सक, नर्स, पारामेडिक्स, फार्मासिस्ट, ल्याब प्राविधिक | नर्सिङ तथा पारामेडिक्स र का.स. | |
| | | | | | | प्राविधिक | | |
| | | House Keeping | स्टोर कक्ष ८ | कार्यालय समय | | | | |
| | | ओ.सि.एम.सि. सेवा: लैंगिक हिंसा पिडितहरुको लागि | २१० | २४ सै घण्टा | नि:शुल्क | चिकित्सक, नर्स, पारामेडिक्स, ल्याब प्राविधिक | का.स., सुरक्षा गार्ड | पहिलो तल्ला |
| | | | | | | पारामेडिक्स, नर्स, सुरक्षाकर्मी | नर्स, पारामेडिक्स, का.स. | |
| | | सामाजिक सेवा एकाई | १०१ | २४ सै घण्टा | नि:शुल्क | फिजियोथेरापिस्ट | का.स. | |
| | | फिजियोथेरापी | | बिहान १० बजे देखि ४ बजे सम्म | स:शुल्क | कर्मचारीहरुको लागि अध्ययन | | |
| | | पुस्तकालय | | कार्यालय समय | नि:शुल्क | नर्स, का.स. | का.स., स्वीपर, सुरक्षा गार्ड | तेस्रो तल्ला |
| | | CSSD/Laundry | | २४ सै घण्टा | | | का.स., सुरक्षा गार्ड | |
| | | अक्सिजन प्लान्ट | | २४ सै घण्टा | | | | |
| | | घडी कक्ष | | २४ सै घण्टा | नि:शुल्क | न्यास घडी | | |
| | | खेलमा कुन | | २४ सै घण्टा | स:शुल्क | जोखुम खाजा घर | | |
| | | शव्वाही सेवा | | | | बायोमेडिकल टेक्निसियन | का.स., सुरक्षा गार्ड | |

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश अस्पताल
कुश्मा, पर्वत

जिल्ला भरिको भरोसाको केन्द्र रहेको यस अस्पताललाई सुविधा सम्पन्न र आधुनिक बनाउने पहल कदमी भईरहेको छ । रोग पहिचानका लागि आवश्यक अत्याधुनिक उपकरण र मेशिनहरु पर्याप्त प्रवन्ध गरेर सबै प्रकारका सेवा उपलब्ध गराउन सक्दा मात्र उपचारका लागि ठुला शहरमा धेरै पैसा खर्च गरेर जान पर्ने बाध्यता अन्त्य गर्न सकिन्छ भन्ने मान्यताका साथ पर्वत अस्पताललाई अस्पताललाई प्रविधियुक्त, विश्वसनिय सेवा सहित बिरामी मैत्री बनाउँदै लगिएको छ ।

## ६.अस्पातालले गरेका कार्यहरु

1. प्रत्येक महिनाको अन्तिम शनिवार मानसिक तथा नसारोग सम्वन्धि विशेषज्ञ चिकित्सकबाट सेवा प्रवाह भइरहेको ।
2. अस्पतालको ३६औ बार्षिकोत्सव सम्पन्न भएको ।
3. गण्डकी प्रदेश सरकारको स्थानिय स्तरमा चिकित्सा सेवा विस्तार कार्यक्रम अन्तर्गत मिति २०८२।१०।२४ मा महाशिला आधारभुत अस्पताल लुङ्खुमा बालरोग शिविर संचालन गरी १०७ जनाले, मिति २०८२।११।३० मा वहाकीठाटी स्वास्थ्य चौकी विहादी गा पा मा ८५ जनाले हाडजोर्नी तथा नसारोग सेवा, २०८२।१२।२१ मा महाशिला आधारभुत अस्पतालमा हाड जोर्नी तथा नसारोग १११ जना र स्त्री तथा प्रसुतिरोग ४४ जना गरी १३२ जनाले विशेषज्ञ सेवा पाएका ।
4. मिति २०८२ चैत्र २८ गते प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको व्यवस्थापन प्रदेश अस्पताल पर्वतको प्राविधिक सहयोग तथा प्रदेश आयुर्वेद चिकित्सालय पर्वतको संयुक्त आयोजनामा पैयू गाउपालिकाको हुवास वहुमुखि क्याम्पसमा नसर्ने रोगको शिविर संचालन गरी १४४ जनालाई सेवा प्रदान गरीएको ।
5. अस्पतालको ओपीडी कक्षमा हेल्थ तथा हेल्प डेक्सको स्थापना गरी सेवाग्राहीलाई सहज वनाइएको ।
6. ल्याव शाखामा व्लड र पस कल्चर सेवाको विस्तार गरि सेवा प्रारम्भ भएको ।
7. मृगौलाको डायलासिस सेवा विस्तार गरि प्रतिक्षारत बिरामी शून्य कायम भइरहेको ।
8. अत्याधुनिक ( Echpcordiography and Transvaginal Probe) भिडियो एक्सरे मेसिन जडान गरिएको ।
9. अपरेशन भएका विरामी तथा अन्य रगत आवश्यक पर्ने विरामीहरुको सहजताका लागि विभिन्न संघ संस्थाहरुसंग सहकार्य गरि रक्तदाताहरुको रोष्टर तयार गरि अस्पतालमा राखिएको ।
10. स्वास्थ्य मन्त्रालय र निक साइमन इन्सिच्यूटले संयुत्त रुपमा गरेको सेकेन्डरी ए लेभलको न्यूनतम सेवा मापदण्डमा ८४ प्रतिशत अंक प्राप्त भएको ।
11. स्थानिय लायन्स कल्वको सहकार्यमा निशुल्क मोतियाविन्दु अप्रेसन शिविर संचालन भएको ।
12. घरेलु तथा अन्य प्रकारको हिंसामा परेका महिला तथा बालबालिकाहरुका लागि एकद्धार संकट व्यवस्थापन केन्द्र स्थापना गरि सेवा प्रदान गर्दै आएको ।
13. अस्पतालमा कार्यरत चिकित्सिक तथा अन्य स्वास्थ्यकर्मीहरुलाई विषयगत ज्ञान र सीप विकासका लागि आवश्यकता अनुसारका तालिमहरु व्यवस्था गरिएको ।
14. अन्तराष्ट्रिय पर्वत समाजको सहयोगमा अस्पताल सौन्दर्यीकरणको कार्य सम्पन्न भएको ।
15. अस्पतालको आफ्नै IT राखिएको ।
16. दन्त विभागमा तपशिलका नयाँ सेवाहरुको निरन्तरता भएको

### नवीनतम कार्यहरु

- विहान ७देखी बेलुका ७ बिस्तरित बहिरंग सेवा ( १२ घण्टा OPD Service )
- मृगौलाको डायलासिस सेवा विस्तार
- Complete Electronic Medical Record सुरू गरिएको
- E Bid मार्फत औषधी खरिद
- व्लड र पस कल्चर सेवा सुरुवात
- C-ARM मेसिनबाट हाडजोर्नीको शल्यक्रिया सुरु
- ल्याव शाखामा भिटामीन डि वी १२ कल्चर लगाएतका विभिन्न नयाँ ल्याव परिक्षणको सुरुवात ।

## ७ अस्पतालमा उपलब्ध सेवाहरु

### उपचारात्मक (Curative)

- अन्तरंग सेवाहरू
- आपतकालीन सेवा
- बहिरङ्ग सेवा (मेडीकल/ स्त्री तथा प्रसुती / हाडजोर्नी/ बालरोग/ एनेस्थेसीया )
- दन्त सेवा
- डायलासिस सेवा
- शल्यक्रिया सेवा
- पोस्ट अपरेटिभ सेवा
- आँखा सेवाहरू
- फिजियोथेरापी सेवा
- पोस्टमार्टम
- ल्याव सेवा
- एक्सरे सेवा
- सुरक्षित गर्भपन सेवा
- मातृ शिशु स्वास्थ्य सेवा
- भिडियो एक्सरे सेवा
- एस एन सी यू

### रोकथाम (Preventive)

- VIA जाँच
- पोषण जाँच
- परिवार नियोजन
- खोप
- नसर्ने रोग स्क्रिनिङ्ग

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश अस्पताल
कुश्मा, पर्वत

### अन्य सेवा ( कार्यक्रम तर्फ)

- सामाजिक सेवा इकाइ
- एक द्वार व्यवस्थापन केन्द्र
- ART/HTC
- PMTCT
- पोषण पुनर्स्थापना केन्द्र
- वि एम इ टी सेवा

## ८ अस्पतालमा उपलब्ध मुख्य सेवाहरुको विवरण आ व २०८२।८३

| SN | Services | Magh | Falgun | Chaitra |
|---|---|---|---|---|
| 1 | Total Emergency | 519 | 629 | 656 |
| 2 | Total Clients Served | 6051 | 5572 | 7230 |
| 3 | Dialysis | | | |
| 4 | People Served from Immunization Clinic | 68 | 63 | 58 |
| 5 | Safe Motherhood –Vacuum /Forcep | 0 | 1 | 0 |
| 6 | Safe Motherhood Program- Spontaneous Cephalic | 7 | 13 | 10 |
| 7 | Safe Motherhood Program C/S Cephalic | 4 | 6 | 7 |
| 8 | Safe Motherhood Program-Delivery Outcome | 11 | 20 | 17 |
| 9 | Nutrition Rehab -Total Admission | 3 | 3 | 7 |
| 10 | On ART Clients | 84 | 84 | 84 |
| 11 | Total X-Rays Done | 1272 | 1268 | 1494 |
| 12 | Total Ultrasonogram (USG) Tests Done | 659 | 571 | 749 |
| 13 | Total Electrocardiogram (ECG) Tests Done | 622 | 569 | 651 |
| 14 | Social Service Unit Served | 15 | 15 | 24 |
| 15 | Total Abortion service received | 5 | 21 | 19 |
| 16 | Total Admission | 102 | 116 | 144 |

८. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भएसोको विवरण-

९. सार्वजनिक निकायको वेभसाईट विवरण

वेभसाइट: https://php.gandaki.gov.np/

इमेल: parbathospital@gmail.com

१०. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

- नभएको

११. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन यस सँग सम्बन्धित विवरण website तथा सामाजिक संजाल फेसवुकमा समावेश गरिएको छ ।

१४. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण लिखित रुपमा सूचना माग प्राप्त नभएको। मौखिक तथा फोन मार्फत माग गरिएको सूचना आवश्यकताका आधारमा उपलब्ध गराइएको ।

१५. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण कार्यालयको वेभसाइट/इमेल/फेसवुक पेज तथा वार्षिक प्रगति प्रतिवेदन पुस्तिकाबाट प्रकाशन हुँदै आएको ।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश अस्पताल
कुश्मा, पर्वत

कार्यालय प्रमुख : डा दुण्डीराज पौडेल, मे सु ९८५७६२१११९

सूचना अधिकारी: प्रकाश शर्मा ,सूचना अधिकारी ९८५७६६०११९